# श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेड
(प. लि. द. नं. १५७१०१/०७३/०७४)

## वि.सं. २०८३ साल असोज २७ गते मंगलबारका दिन कुण्डलिनी दरबार ब्याङ्क्वेट, चण्डोल, काठमाण्डौमा सम्पन्न भएको दशौं वार्षिक साधारण सभाको काम कारबाही तथा निर्णय पुस्तिका

## Minute of 10th Annual General Meeting

### (क) पृष्ठभूमि :

यस श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेडको दशौं वार्षिक साधारण सभा मिति २०८३ साल असोज २७ गते (तदनुसार १३ अक्टोबर, २०२६), मंगलबारका दिन बिहान ११:०० बजे का. म. न. पा. ४, चण्डोल, काठमाण्डौ स्थित कुण्डलिनी दरबार ब्याङ्क्वेटमा सम्पन्न भएको थियो । कार्यक्रम सञ्चालकले समितिका सञ्चालक सदस्यहरू, कम्पनीका शेयरधनी महानुभावहरू, आमन्त्रित अतिथि वर्ग, कम्पनीका पदाधिकारीहरू लगायत उपस्थित सबैलाई आसन ग्रहण गर्न अनुरोध गर्नुका साथै उपस्थित सबैलाई दशौं वार्षिक साधारण सभामा स्वागत गर्नु भएको थियो । वार्षिक साधारण सभाको अध्यक्षता कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री शिव कुमार बस्नेतज्यूले गर्नु भएको थियो । साधारण सभामा अध्यक्षज्यूले आफ्नो मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आ. व. २०८२/८३ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो, भने कम्पनी व्यवस्थापनका तर्फबाट यस कम्पनीद्वारा प्रवर्द्धित एवं सञ्चालित २८.१ मे.वा. जडित क्षमताको तल्लो लिखु जलविद्युत आयोजनासँग सम्बन्धित विभिन्न पक्षहरू र कम्पनीको आर्थिक तथा वित्तीय अवस्थाका सम्बन्धमा श्रव्य-दृष्य (अडियो-भिडियो) प्रस्तुतीकरण मार्फत जानकारी गराइयो । तत् पश्चात् शेयरधनीहरूबाट राखिएका जिज्ञासाहरू सम्बोधन गरी साधारण सभामा पेश गरिएका निर्धारित प्रस्तावहरू उपर छलफल गरी सबै प्रस्तावहरू सर्वसम्मतिले पारित गरियो । साधारण सभा बिहान ११:०० बजेबाट शुरू भई निर्धारित विषयसूची अनुसारका विषयहरूमा छलफल तथा निर्णय गरी दिनको ०१:४० बजे समापन भएको थियो ।

### (१) सभाको सूचना तथा प्रकाशन :

यस कम्पनीको सञ्चालक समितिको मिति २०८३ साल भाद्र २५ (तदनुसार १० सेप्टेम्बर, २०२६) गते बसेको बैठकको निर्णयानुसार आयोजित यस दशौं वार्षिक साधारण सभाको जानकारीका लागि हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८३ साल भाद्र ३१ (तदनुसार १६ सेप्टेम्बर, २०२६) पहिलो पटक तथा मिति २०८३ साल असोज ०४ (तदनुसार २० सेप्टेम्बर, २०२६) गते दोस्रो पटक कम्पनीको संक्षिप्त आर्थिक विवरण सहित सार्वजनिक सूचना प्रकाशित गरिएको थियो । साथै, उल्लिखित सूचना तथा जानकारी यस कम्पनीको वेबसाईट www.swetgangahydropower.com मा पनि राखिएको थियो ।

## (२) उपस्थिति :

### (अ) सञ्चालकहरूको उपस्थिति

| | |
|---|---|
| श्री शिव कुमार बस्नेत | सञ्चालक/अध्यक्ष |
| डा. सुवर्ण दाश श्रेष्ठ (प्रतिनिधि सानिमा हाइड्रो एण्ड इन्जिनियरिङ्ग प्रा. लि.) | सञ्चालक-सदस्य |
| श्री जयन्त कुमार रेग्मी (प्रतिनिधि सानिमा हाइड्रोपावर लि.) | सञ्चालक-सदस्य |
| श्री बद्री विशाल घिमिरे | सञ्चालक-सदस्य |
| श्री कन्हैया कुमार मानन्धर | सञ्चालक-सदस्य |
| श्री दिलिप श्रेष्ठ | सञ्चालक-सदस्य |
| श्री मीरा थपलिया | स्वतन्त्र सञ्चालक |

### (आ) कम्पनीका पदाधिकारीको उपस्थिति

| | |
|---|---|
| श्री सजन श्रेष्ठ | महाप्रबन्धक |
| श्री दिपा नगरकोटी | कम्पनी सचिव |
| श्री कृष्ण अधिकारी | वित्त प्रमुख |

### (इ) विभिन्न निकायका पदाधिकारी/प्रतिनिधिको उपस्थिति

| | |
|---|---|
| श्री कृष्ण शर्मा | प्रतिनिधि, कम्पनी रजिष्टार्डको कार्यालय |
| श्री राजु कुमार शिवाकोटी | प्रतिनिधि, JBRH & Co., Chartered Accountants |
| श्री विकास खनाल | प्रतिनिधि सानिमा क्यापिटल लिमिटेड |

### (ई) शेयरधनीहरूको उपस्थिति :

| | | |
|---|---|---|
| १. स्वयम् उपस्थित हुने शेयरधनीहरूको संख्या (संस्थागत शेयरधनीहरूको प्रतिनिधि समेत) | - | १९३ जना |
| २. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीहरूको संख्या | - | ९ जना |
| ३. जम्मा उपस्थित संख्या | - | २०२ जना |

SWET-GANGA HYDROPOWER & CONSTRUCTION LIMITED

**(३) दशौं वार्षिक साधारण सभामा छलफलको लागि प्रस्ताव गरिएका विषयहरू :**

**(क) साधारण प्रस्तावहरू**

१. दशौं वार्षिक साधारण सभाका लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८३ साल आषाढ मसान्त सम्मको वासलात, आ.व. २०८२/८३ को नाफा–नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरू समेत छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ. व. २०८३/८४ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।

४. रिक्त सञ्चालक पदमा सञ्चालक समितिबाट भएको नियुक्ति अनुमोदन गर्ने ।

५. कम्पनीका शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकहरूको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरू**

१. कम्पनीको उद्देश्य थप सहित प्रबन्धपत्रमा संशोधन गर्ने ।

२. कम्पनीको प्रबन्धपत्रमा नियमानुसार संशोधन गर्ने क्रममा सम्बन्धित नियमनकारी वा नियामक निकाय/कार्यालयले कुनै फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरूप आवश्यक फेरबदल गर्न कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

**(४) गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व :**

| विवरण | कुल संख्या | स्वयम् उपस्थिति | प्रतिनिधिबाट उपस्थिति | जम्मा उपस्थिति | उपस्थितिको प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | १,३३,२०१ | १९३ | ९ | २०२ | ०.१५ % |
| कम्पनीको शेयर संख्या | १,५९,३०,००० | ९९,१६,३७५ | ३०,०६० | ९९,४६,४३५ | ६२.४४ % |

## (ख) सभाको वैधानिकता

(१) यस कम्पनीको नियमावली र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कूल शेयर संख्याको ५० प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरूमध्ये कम्तिमा ३ जना शेयरधनीहरू स्वयम् वा प्रतिनिधि मार्फत उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको दशौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा स्वयम् तथा प्रतिनिधि मार्फत हाजिरी जनाउने शेयरधनीहरूको संख्या **२०२** भएको र कूल बाँडफाँड भएको **६२.४४%** प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा कम्पनीको नियमावली तथा प्रचलित कानुन बमोजिम साधारण सभाको लागि गणपुरक संख्या पुगेको र सभा वैधानिक भएको व्यहोरा सभा समक्ष जानकारी गराइयो ।

SWET-GANGA HYDROPOWER & CONSTRUCTION LIMITED

(२) कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्ष श्री शिव कुमार बस्नेतज्यूले गर्नु भई, दशौं वार्षिक साधारण सभा शुरू गर्न अनुमति दिनु भए बमोजिम सभा सञ्चालन गरियो ।

**(ग) सभा सञ्चालन तथा प्रस्ताव उपर छलफल**

साधारण सभाको कार्यक्रम सञ्चालन गर्न सभा-अध्यक्षज्यूबाट अनुमति प्राप्त भएपछि साधारण सभाका अध्यक्ष श्री शिव कुमार बस्नेतज्यूलाई अध्यक्षको मन्तव्य सहित कम्पनीको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गरियो । तत् पश्चात् अध्यक्षज्यूले मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आ. व. २०८२/८३ को वार्षिक प्रतिवेदन अनुमोदनका लागि प्रस्तुत गर्नुभयो । साथै, कम्पनी व्यवस्थापनको तर्फबाट यस कम्पनीद्वारा रामेछाप जिल्लाको लिखु तामाकोशी गा. पा. र ओखलढुङ्गा जिल्लाको लिखु गा. पा. को सिमाना भएर बग्ने लिखु नदीको पानी प्रयोग गरी प्रवर्द्धित तल्लो लिखु जलविद्युत आयोजना (२८.१ मे. वा.) को सञ्चालनको अवस्था, विद्युत उत्पादन, विद्युत केन्द्रमा गरिएका मर्मत सम्भारका कार्यहरू, कम्पनीले वातावरण संरक्षण तथा सम्बर्द्धन, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यका साथै संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गरेको कार्यहरू सहित आयोजनाको विस्तृत विवरण श्रव्य-दृष्य (अडियो-भिडियो) को माध्यमद्वारा जानकारी गराइयो । प्रस्तुत प्रतिवेदन तथा शेयरधनीहरूलाई उपलब्ध गराईएको लेखापरीक्षण प्रतिवेदन सहितको २०८३ आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ. व. २०८२/८३ को वार्षिक नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, तत् सम्बन्धी अनुसूचीहरू समेतमा आ-आफ्नो राय, प्रतिक्रिया तथा सुझाव दिन तथा सो सम्बन्धमा छलफल गर्न र आफ्नो मन्तव्य राख्न शेयरधनीहरूलाई अनुरोध गरियो । मन्तव्यका क्रममा कम्पनीका शेयरधनीहरूले मौखिक रूपमा व्यक्त गर्नु भएको राय, सुझाव तथा जिज्ञासाहरूको मुख्य अंश निम्नानुसार रहेको छ :

**(१) श्री जगनाथ आचार्य**

आर्थिक वर्ष समाप्त भएको तीन महिना पनि नपुग्दै वार्षिक साधारण सभा आयोजना गर्न सफल हुनु भएकोमा बधाई । कम्पनीले लाभांश वितरण गर्न नसकेकोमा दुःख प्रकट गर्दछु । सञ्चालक नियुक्ति आपसी सहमतिबाट होस् भन्दै चुनिएर आउने सञ्चालकहरूलाई अग्रीम बधाई तथा सफल र्कायकालको कामना गर्दछु । हकप्रद शेयर जारी गरी बैंक कर्जा चुक्ता गर्न तथा नयाँ आयोजनामा लगानी गर्न अनुरोध गर्दछु । आयोजनाको बीमा गर्न र सोको समयमा नै नवीकरण गर्न अनुरोध गर्न चाहन्छु । आगामी वर्ष बोनस शेयर सहित निर्दिष्ट समय भित्र साधारण सभा गर्नु हुन अनुरोध गर्दछु ।

**(२) श्री सत्रुघन श्रेष्ठ**

आगामी वर्ष लाभांश दिनु हुने अपेक्षा राख्दछु । आयोजना बाट उत्पादित विद्युत विक्री वृद्धि गरी कम्पनीको आम्दानी तथा अन्य वित्तीय परिसूचकमा समेत सुधार देखाएको छ । आयोजना सञ्चालनका क्रममा वातावरण तथा जलवायु परिवर्तन तर्फ ध्यान दिई सोबाट हुन सक्ने जोखिमका बारेमा सर्तक हुन अनुरोध गर्दछु ।

**(३) श्री नरसिंह लाल चखुँ**

कम्पनीको वार्षिक प्रतिवेदनले कम्पनीको वित्तीय अवस्थामा सुधार आएको देखाएको छ । हालको अवस्थालाई मध्यनजर गर्दा आयोजनाको भविष्य राम्रो रहेको र लगानी सुनिश्चित रहेको देखिन्छ । कम्पनीको वित्तीय अवस्था राम्रो हुँदै गएकोले आगामी वर्षको आर्थिक विवरण राम्रो हुन सक्ने देखिन्छ । कम्पनीको वित्तीय खर्चहरू कम गरी नाफा बढाउने तर्फ ध्यान दिनुका साथै कम्पनीमा हुन सक्ने जोखिम तर्फ कम्पनी व्यवस्थापन सजग हुनु पर्छ । Advance for land को अवस्थाका बारेमा के भई रहेको छ प्रश्न राख्न चाहन्छु । संस्थागत सुशासनमा ध्यान दिंदै कर्मचारीलाई आवश्यक तालिम प्रदान गर्ने कार्यलाई निरन्तरता दिनु होला ।

## (४) श्री भेषराज भण्डारी

कम्पनीको वित्तीय अवस्थामा सुधार आई रहेको अनुभव गरेको छु । कम्पनीले वित्तीय खर्च कटौती गरी विद्युत विक्री वृद्धि गर्न सकेमा कम्पनीको भविष्य राम्रो रहेको छ । कम्पनीको नाममा कन्स्ट्रक्सन रहेको हुनाले त्यस तर्फ के कस्ता कार्यहरू भए गरेका छन् भन्ने जिज्ञासा राख्न चाहन्छु । आगामी वर्ष लाभांश नीति ल्याई अगाडि बढ्न अनुरोध गर्दछु ।

## (५) श्री गोबिन्द बहादुर के.सी.

कम्पनीको आम्दानी सिमित भएकाले हालको अवस्थालाई मध्यनजर गर्दै लगानी विस्तार गर्नु होला। आर्थिक वर्ष शुरू भएको तीन महिना भित्र साधारण सभा गर्नु भएकोमा धन्यवाद । कम्पनीको लाभांश सम्बन्धी मार्गचित्रका बारेमा जानकारी दिनु हुन अनुरोध गर्दछु ।

## (६) श्री उत्तम पाठक

कम्पनीको वित्तीय अवस्थामा गत वर्ष भन्दा सुधार आएको देखिन्छ । बाढीका कारण आयोजनामा परेको प्रभाव, बैंकको व्याजदर घटाउन गरिएको प्रयास तथा आयोजनाको बीमाको सम्बन्धमा जानकारी दिनु हुन अनुरोध गर्दछु । क्यास्केड आयोजना निर्माणका लागि हकप्रद शेयर जारी गर्न सुझाव दिन चाहन्छु । कम्पनीको वार्षिक प्रतिवेदनको अध्ययन गर्दा कम्पनीको चुक्ता पुँजी अघिल्लो वर्ष भन्दा बढ्न गएको देखिन्छ यस सम्बन्धमा जानकारी गराई दिनु होला ।

## (७) श्री ब्रम्हदेव शाक्य

नियुक्त हुने सञ्चालकहरूले शेयरधनीहरूको हितमा काम गर्नु हुनेछ भन्ने विश्वास राख्दछु र साधारण सभामा पेश गरिएका सम्पूर्ण प्रस्तावहरूमा समर्थन गर्दै जलविद्युत प्रवर्द्धक कम्पनीमा शेयरधनीहरूलाई लगानी गर्ने मौका दिनु भएकोमा आभार व्यक्त गर्दछु ।

## (८) श्री सुदिप श्रेष्ठ

कम्पनीले निरन्तर बैंकको ऋणको साँवा र व्याज भुक्तानी गर्दै आगामी वर्ष लाभांश दिने आशा गर्दछु । आगामी साधारण सभा पनि पहिलो त्रैमास भित्र नै गर्नु होला ।

## (९) श्री इन्द्र प्रसाद लामिछाने

साधारण सभा पहिलो त्रैमास भित्र नै गर्नु भएकोमा धन्यवाद । कम्पनीको वित्तीय प्रतिवेदन हेर्दा तत्काल प्रतिफल आउने अवस्था देखिदैन । आगामी वर्षहरूमा प्रतिफल प्राप्त गर्ने आशा राख्दछु । सञ्चालकहरूको नियुक्ति सर्वसम्मत रूपमा होस् भन्दै नियुक्त हुनु हुने सञ्चालकलाई अग्रीम बधाई तथा सफल कार्यकालको शुभकामना दिन चाहन्छु ।

## (१०) श्री बैजुनाथ रौनियार

आगामी वर्षमा लाभांश पाउने आशा गर्दछु । कम्पनीको आम्दानीको श्रोत बढाउनका लागि ६ मे.वा. क्षमताको तल्लो लिखु क्यास्केड जलविद्युत आयोजनाको कार्य अगाडि बढाउनु भएकाले भविष्यमा यसबाट आम्दानी वृद्धि भई मुनाफा हासिल गर्न सक्ने देखिन्छ । कम्पनीद्वारा सञ्चालित आयोजना बीमाद्वारा सुरक्षित रहेको र Earning per share पछिल्लो वर्षको भन्दा राम्रो रहेको छ । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गरिएको कार्य राम्रो रहेकोले सोको निरन्तरताका लागि अनुरोध गर्दछु । साधारण सभामा पेश भएको प्रस्तावहरूमा समर्थन जनाउँदै र नयाँ सञ्चालकहरूलाई अग्रीम बधाई दिन चाहन्छु ।

SWET-GANGA HYDROPOWER & CONSTRUCTION LIMITED

## (११) श्री युगल बस्याल

गत वर्ष जस्तै पहिलो त्रैमासमा नै साधारण सभा गर्नु भएकोमा धन्यवाद । हाल बैंकको व्याजदर घट्दै गएको अवस्थामा त्यसबाट लाभ लिन कम्पनी व्यवस्थापनले अपनाएको कदम तथा वित्तीय विवरणमा Covid support को शीर्षक देखिएकोले सो सम्बन्धमा प्रष्ट पारिदिनु होला । क्यास्केड आयोजनाको अनुमानित लागतका बारेमा जानकारी गराई दिनु होला । कम्पनीको वित्तीय विवरण अध्ययन सहजताका लागि Scan copy को सट्टा Word format मा राखिदिनु हुन सुझाव दिन चाहन्छु । बाढी पहिरो जस्ता दैवि प्रकोपको असर कम गर्न अपनाईएको मापदण्डका बारेमा स्पष्ट पारिदिनु होला । वित्तीय खर्चमा मितव्ययिता अपनाउनु होला ।

## (१२) श्री इन्द्र कृष्ण श्रेष्ठ

कम्पनीले बैंक ऋणको साँवा र व्याज चुक्ता गर्दै आगामी वर्ष शेयरधनीहरूलाई खुसी पार्ने गरी लाभांश प्रदान गर्नु हुने आशा गर्दछु ।

## (१३) श्री डम्मरू बल्लभ घिमिरे

कम व्याजदर भएको बैंकमा ऋण Swap गरेर जान अनुरोध गर्दछु । आगामी वर्ष प्रतिफल दिन तर्फ कार्य गर्ने विश्वास गर्दछु ।

## (१४) श्री निरूपमा गुप्ता

आगामी वर्ष लाभांश प्रदान गर्ने गरी कार्य सम्पादन गर्नु हुनेछ भन्ने आशा राखेको छु । श्रव्य-दृष्य प्रस्तुतीकरण हरेक वर्ष राखिदिनु होला । आयोजनाको वित्तीय व्यवस्थापन गर्दा जोखिम न्यूनीकरण र आयोजना निर्माणमा हुन सक्ने ढिलाई व्यवस्थापनको रणनीति तथा लाभांश नीतिका बारेमा जानकारी गराई दिनु होला । जलविद्युतमा मात्र सिमित नभई सौर्य शक्ति तथा हरित उर्जामा लगानी विस्तार गर्न, Webinar को माध्यमबाट शेयरधनीहरूसँग अन्तरक्रिया कार्यक्रम गरी विश्वास बढाउन तथा स्थानीयहरूका लागि सामाजिक लगानी मोडेल विकास गर्नका लागि सुझाव दिन चाहन्छु ।

## (१५) चन्द्र नारायण श्रेष्ठ

कम्पनीको वित्तीय अवस्था हेर्दा राम्रो संकेत देखिएकोले भविष्यमा प्रतिफल प्राप्त हुने विश्वास र आशा राख्दछु ।

शेयरधनीहरू श्री लक्ष्मण बहादुर श्रेष्ठ, श्री सुरेन्द्र चिमौरिया र श्री माधव प्रसाद सिंखडा लिखित रूपमा मन्तव्य राख्नु भएको थियो ।

शेयरधनी महानुभावहरूबाट मन्तव्यका क्रममा राय, सुझाव र जिज्ञासा राख्ने कार्य पूरा भएपछि शेयरधनीहरूको जिज्ञासाहरूका सम्बन्धमा प्रष्ट पार्दै सम्बन्धित विषयमा सभा अक्ष्यक्षज्यू, सञ्चालकज्यू तथा कम्पनीका महाप्रबन्धकज्यूले निम्नानुसार जवाफ दिनु भयो ।

## श्री शिव कुमार बस्नेत - सञ्चालक/अध्यक्ष

कम्पनीको दशौं वार्षिक साधारण सभामा शेयरधनीहरूले व्यक्त गर्नु भएको मन्तव्य, जिज्ञासा तथा सुझावका लागि धन्यवाद दिनु भयो र शेयरधनीहरूले राख्नु भएको जिज्ञासाका सम्बन्धमा सञ्चालक डा. सुवर्ण दाश श्रेष्ठज्यू तथा महाप्रबन्धकज्यूले प्रष्ट पार्ने व्यहोरा जानकारी गराउनु भयो ।

अध्यक्षज्यूको आज्ञाले कम्पनीका सञ्चालक डा. सुवर्ण दास श्रेष्ठज्यू तथा महाप्रबन्धकज्यूले सम्बन्धित विषयमा निम्न बमोजिम प्रष्ट पार्दै, जवाफ दिनु भयो ।

SWET-GANGA HYDROPOWER & CONSTRUCTION LIMITED

**श्री सजन श्रेष्ठ - महाप्रबन्धक**

आजको साधारण सभामा उपस्थित शेयरधनीहरूले प्रश्न, जिज्ञासा तथा सुझाव राख्नु भएकोमा धन्यवाद दिंदै शेयरधनीहरूको जिज्ञासाका सम्बन्धमा निम्नानुसार प्रष्ट पार्नु भयो ।

- आयोजनाको सञ्चालनमा आएको पहिलो वर्ष देखि नै आयोजनाको बीमा गर्दै आएको तथा बीमा अवधि समाप्त हुनु अगावै बीमाको नवीकरण गर्ने गरिएको छ ।
- कम्पनीले आयोजना निर्माण गर्दा सामान भण्डारण गर्न लिईएको केहि जग्गाहरूको हदबन्दी छुटका लागि प्रक्रियामा रहेको हुँदा Advance for land शीर्षक देखिएको हो ।
- कम्पनीको वित्तीय अवस्थाको विश्लेषण गरी हकप्रद शेयरको प्रस्ताव लिएर आउने छौं ।
- कन्स्ट्रक्सन कम्पनीको रूपमा हालसम्म कुनै पनि व्यवसायिक कार्य गरिएको छैन ।
- नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता भए पश्चात् क्यास्केड आयोजनाको निर्माण शुरू गरिने छ भने उक्त आयोजनाको हालको अनुमानित लागत करिब २१ करोड प्रति मे.वा. रहेको छ ।
- आयोजनाको उत्पादन क्षमता अनुसार विद्युत बिक्रीको अवस्था तथा अन्य अवस्था अनुकुल भएमा आगामी दुई वर्षमा लाभांश प्रदान गर्न सकिनेछ ।
- पछिल्लो समयमा आएको बाढी पहिरोका कारण आयोजनाको संरचनामा कुनै क्षति नभएको तथा प्रसारण लाईन समेत सुरक्षित अवस्थामा रहेको छ ।
- ने.वि.प्रा. को खिम्ती स्थित एउटा टावर रहेको तल्लो भागमा गएको पहिरो व्यवस्थापन तथा सम्भार भई सकेको छ ।
- बैंक कर्जाको व्याजदर न्यून गर्न ऋण प्रदायक बैंकहरूसँग समय सापेक्ष रूपमा बैंक कर्जाको व्याजदर घटाउनमा हामी निरन्तर लागि रहेका छौं ।
- चुक्ता पुँजी पछिल्लो वर्ष भन्दा बढ्न गएको सम्बन्धमा कम्पनीको शेयरको सार्वजनिक निष्काशनका क्रममा आयोजना क्षेत्रका बासिन्दाहरूका लागि छुट्याईएको शेयर मध्ये केही शेयर आयोजना क्षेत्र भन्दा बाहिरको आवेदकहरूलाई बाँडफाँड भएको हुँदा नियमानुसार उक्त शेयर जफत गरी गत आ.व. मा आयोजना प्रभावित क्षेत्रका पहिलेकै आवेदक स्थानीयहरूलाई पुनः बाँडफाँड गरिएको थियो । सोही बमोजिमको आ.व. २०८२/८३ मा ७३० कित्ता वापतको रकम प्राप्त भएको कारण चुक्ता पुँजी बढ्न गएको हो ।
- बाढीबाट हुन सक्ने क्षति न्यूनीकरणका लागि आयोजना डिजाईन तथा निर्माणको समय देखि नै विशेष ध्यान दिनुका साथै आयोजना सञ्चालनको नियमित निरीक्षण तथा सुपरीवेक्षण गरी समयमा नै आवश्यक मर्मत सम्भार गर्दै आएका छौं ।
- Covid support को शीर्षकका सम्बन्धमा कोभिडका कारण मृत्यु भएका कम्पनीमा कार्यरत कर्मचारीको परिवारको आर्थिक अवस्था कमजोर भएको कारण उक्त सहयोगलाई निरन्तर दिईएको हुँदा हालसम्म पनि उक्त शीर्षक देखिएको हो ।

**डा. सुवर्ण दाश श्रेष्ठ - सञ्चालक**

कम्पनीका शेयरधनीहरूहरूको अगाध स्नेह र माया ममता आत्मियताका लागि हार्दिक आभार व्यक्त गर्दै शेयरधनीहरूको रचनात्मक सुझावले भविष्यमा थप काम गर्न हौसाला प्रदान गरेको व्यहोरा सभा समक्ष व्यक्त गर्नु भयो ।

छलफल पश्चात् सभामा निम्नानुसारका निर्धारित प्रस्तावहरू पेश भई सबै प्रस्तावहरू सभाको सर्वसम्मतिबाट पारित गरियो ।

## (घ) सभाको निर्णयहरू

निर्णयार्थ दशौं वार्षिक साधारण सभा समक्ष पेश भएका निम्न प्रस्तावहरूमा सभाले निम्न बमोजिम निर्णयहरू गऱ्यो :

**(क) साधारण प्रस्तावहरू :**

**१. दशौं वार्षिक साधारण सभाका लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।**

सञ्चालक समितिको तर्फबाट सभा-अध्यक्ष श्री शिव कुमार बस्नेतज्यूले प्रस्तुत गर्नु भएको आ. व. २०८२/८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्न प्रस्ताव गरिएकोमा सभामा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

**२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८३ साल आषाढ मसान्त सम्मको वासलात, आ.व. २०८२/८३ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरू समेत छलफल गरी पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको २०८३ साल आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ. व. २०८२/८३ को वार्षिक नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, तत् सम्बन्धी अनुसूचीहरू उपर  छलफल समेत भईसकेकोले उक्त विवरण स्वीकृतिका लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट सर्वसम्मतिले उक्त प्रतिवेदन तथा आर्थिक विवरणहरू पारित गरियो ।

**३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ. व. २०८३/८४ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।**

कम्पनीको लेखापरीक्षण समितिले आर्थिक वर्ष २०८३/८४ को लेखापरीक्षण गर्न गत आ. व. का लेखापरीक्षक संस्था श्री JBRH & Company, Chartered Accountants लाई मूल्य अभिवृद्धि कर बाहेक वार्षिक रू. २,२०,०००/- (अक्षरेपी दुई लाख बीस हजार रूपैयाँ मात्र) पारिश्रमिक तोकि पुनः लेखापरीक्षकमा नियुक्तिको लागि गरेको सिफारिस बमोजिम उल्लिखित संस्थालाई आ. व. २०८३/८४ को लेखापरीक्षक नियुक्ति गर्ने प्रस्ताव तथा उल्लिखित पारिश्रमिक सभाको सर्वसम्मतिबाट पारित गरियो ।

**४. रिक्त सञ्चालक पदमा सञ्चालक समितिबाट भएको नियुक्ति अनुमोदन गर्ने ।**

यस कम्पनीको रिक्त हुन आएको सञ्चालक पदमा प्रचलित कम्पनी ऐन तथा यस कम्पनीको नियमावली बमोजिम सञ्चालक समितिबाट तपसिल बमोजिमको नियुक्ति भएको हुँदा, उक्त नियुक्तिको कार्यलाई बाँकी कार्यकाल सम्मका लागि अनुमोदन गर्ने प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।

**तपसिल**

- कम्पनीका शेयरधनी संस्था श्री सानिमा माई हाइड्रोपावर लिमिटेडको तर्फबाट आधिकारिक प्रतिनिधिको रूपमा यस कम्पनीको सञ्चालक नियुक्त भई सञ्चालक समितिको अध्यक्ष पदमा आसीन श्री अनुप कुमार उपाध्यायज्यूले दिनु भएको राजिनामा  मिति २०८२ पौष ०१ गतेको सञ्चालक समितिको निर्णयानुसार स्वीकृत भई रिक्त रहेको सञ्चालक पदमा मिति २०८२ माघ ०८ गतेको

SWET-GANGA HYDROPOWER & CONSTRUCTION LIMITED

सञ्चालक समितिको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ८७(१) तथा यस कम्पनीको नियमावली बमोजिम शेयरधनी श्री शिव कुमार बस्नेतज्यूलाई सोही मितिदेखि लागू हुने गरी नियुक्त गरिएको छ ।

- कम्पनीका सञ्चालक श्री भरत रेग्मीज्यूले दिनु भएको राजिनामा मिति २०८३ भाद्र ०९ गतेको सञ्चालक समितिको बैठकबाट सोही मिति देखि लागू हुने गरी स्वीकृत भई रिक्त रहेको सञ्चालक पदमा मिति २०८३ भाद्र २५ गतेको सञ्चालक समितिको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ८७(१) तथा कम्पनीको नियमावली बमोजिम शेयरधनी श्री बद्री विशाल घिमिरेज्यूलाई सोही मितिदेखि लागू हुने गरी नियुक्त गरिएको छ ।

- कम्पनीका सञ्चालक श्री शान्ति निरौला (ओझा) ज्यूले दिनु भएको राजिनामा मिति २०८३ भाद्र २५ गतेको सञ्चालक समितिको बैठकबाट सोही मिति देखि लागू हुने गरी स्वीकृत भई रिक्त रहेको सञ्चालक पदमा मिति २०८३ आश्विन २३ गतेको सञ्चालक समितिको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ८७(१) तथा कम्पनीको नियमावली बमोजिम शेयरधनी श्री कन्हैया कुमार मानन्धरज्यूलाई सोही मितिदेखि लागू हुने गरी नियुक्त गरिएको छ ।

**५. कम्पनीका शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकहरूको निर्वाचन गर्ने ।**

कम्पनीको सञ्चालक समितिमा शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकहरूको कार्यकाल पूरा भएको हुँदा, कम्पनीको यसै दशौं बार्षिक साधारण सभाबाट सञ्चालकहरूको निर्वाचन/नियुक्ति प्रयोजनका लागि प्रकाशित निर्वाचन कार्यक्रम अनुसार तपसिल बमोजिमको २ (दुई) जना मात्र शेयरधनीहरूबाट उम्मेदवारी दर्ता भई निज उम्मेदवारहरूको विरूद्धमा कुनै दावी विरोध समेत नपरेको र कुनै उम्मेदवारहरूले आफ्नो नाम फिर्ता पनि नलिनु भएको हुँदा उहाँहरू निर्विरोध निर्वाचित भई कम्पनीको नियमावली बमोजिम आगामी ४ (चार) वर्षका लागि यस कम्पनीको सञ्चालक पदमा नियुक्त हुनु भएको व्यहोरा निर्वाचन अधिकृत अधिवक्ता श्री समीर कुमार उपाध्यायज्यूले सभामा घोषणा गर्नु भयो र यस प्रस्तावलाई सभाको सर्वसम्मतिबाट पारित गरियो ।

**तपसिल**

| क्र.सं. | सञ्चालकको नाम थर र ठेगाना | कैफियत |
|---|---|---|
| १ | **श्री नारायण प्रसाद घिमिरे**<br>खिजिदेम्बा गा.पा. २ (साविकको रगनी ७), ओखलढुङ्गा | नव नियुक्त |
| २ | **श्री बद्री विशाल घिमिरे**<br>मध्यपुर ठिमी न.पा. ३, भक्तपुर | पुनः नियुक्त |

**(ख) विशेष प्रस्तावहरू :**

**१. कम्पनीको उद्देश्य थप सहित प्रबन्धपत्रमा संशोधन गर्ने ।**

कम्पनीको व्यवसायिक क्षमता विस्तार गर्नका लागि कम्पनीको प्रबन्धपत्रमा उद्देश्यहरू थप गरी सोही बमोजिम कम्पनीको प्रबन्धपत्रको दफा ३ र ४(१) मा निम्नानुसार संशोधन गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरियो ।

SWET-GANGA HYDROPOWER & CONSTRUCTION LIMITED

## तपसिल

**प्रबन्धपत्रको दफा ३ को सट्टा देहाय दफा ३ कायम गर्ने :**

प्रचलित ऐन तथा यस प्रबन्धपत्र र नियमावलीको अधिनमा रहि जलविद्युत आयोजनाको निर्माण, विद्युतको उत्पादन तथा विक्री वितरण गर्ने, निर्माण व्यवसाय सम्बन्धी कार्यहरू गर्ने, गराउने तथा विभिन्न कम्पनीहरूको शेयरमा लगानी गर्ने ।

**कम्पनीको प्रबन्धपत्रको दफा ४ को उपदफा (१) को (ख) पछि देहाय (ग) थप गर्ने :**

(ग) प्रचलित कानुन बमोजिम विभिन्न कम्पनीहरूको शेयरमा लगानी गर्ने र यस कम्पनीको नाममा रहेको शेयर विक्री गर्ने ।

**२. कम्पनीको प्रबन्धपत्रमा नियमानुसार संशोधन गर्ने क्रममा सम्बन्धित नियमनकारी वा नियामक निकाय/कार्यालयले कुनै फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरूप आवश्यक फेरबदल गर्न कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।**

कम्पनीको प्रबन्धपत्रमा नियमानुसार संशोधन गर्ने क्रममा सम्बन्धित नियमनकारी वा नियामक निकाय/कार्यालयले कुनै फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरूप आवश्यक फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरियो ।

**(ग) विविध ।**

विविध विषय अन्तर्गत कुनै छलफल तथा निर्णय भएन ।

**धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

सभा-अध्यक्षज्यूले कम्पनीको दशौं वार्षिक साधारण सभामा सहभागी भई सभालाई सूचारू रूपमा सम्पन्न गर्न, गराउन सहयोग पुऱ्याउनु भएकोमा सबै शेयरधनीहरू, सञ्चालक समितिका सहकर्मी सदस्यहरू, व्यवस्थापन तथा कर्मचारीहरू, आमन्त्रित महानुभावहरू, कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग गर्ने अन्य सम्बद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो । सभा-अध्यक्षज्यूले शेयरधनीहरूले सञ्चालक समिति प्रति देखाउनु भएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्नुभयो र यस दशौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

SWET-GANGA HYDROPOWER & CONSTRUCTION LIMITED

| | |
|---|---|
| **श्री दिपा नगरकोटी** | **श्री शिव कुमार बस्नेत** |
| कम्पनी सचिव | सञ्चालक/अध्यक्ष |